# सुनसान विराटनगर बजार



■ आर्थिक संवाददाता
विराटनगर, असोज २३

नेपालीहरूको ठूलो पर्व दशैं नजिकिँदै गर्दा समेत विराटनगर बजार सुनसान छ । चाडपर्वको बेलामा समेत व्यापारव्यवसाय सोचेजस्तो नहुँदा यहाँका व्यवसायीहरू निराश बन्न थालेका छन् ।

विगतमा ठूला चाडपर्वहरू नजिकिँदा विराटनगर बजार भरीभराउ हुनेगरेको थियो । तर, यस पटक भने विराटनगरका पसलहरु दशैं मुखैमा आउँदा समेत सुनसानजस्तै छन् । व्यापारीहरु पसल खोलेर ग्राहक पर्खेर बसिरहेका हुन्छन् । ग्राहक भने एक/दुई जना फाट्टफुट्ट रूपमा मात्र आउने गर्दछन् । केही वर्षअघि दुई/तीन जनाले सामान दिन भ्याईनभ्याई हुने पसलहरूमा अहिले ग्राहक नआउँदा एक जनाले मात्र पसल सञ्चालन गरिरहेको व्यवसायीहरू बताउँछन् । केही वर्षअघिसम्म चाडबाड आउनु एक महिनाअगाडिदेखि नै बजारमा मानिसहरूको चहलपहल बढ्ने गरेको थियो । लगातार दुई वर्षदेखिको कोभिडको महामारीले थला परेको बजारमा पछिल्लो समय देखिएको आर्थिक संकटका कारण उपभोक्तासँगै दैनिक ज्यालादारी, मजदुरी र व्यवसाय, उद्योग, कलकारखानामा काम गर्नेहरूको आम्दानी घट्दा व्यापार घटेको हुनसक्ने अनुमान व्यापारीहरूको छ ।

दैनिक उपभोगका लागि नभई नहुने वस्तुबाहेक अन्य पसलहरू कपडा, जुत्ताचप्पल, इलेक्ट्रिक, हार्डवेयर, निर्माण, सुनचाँदीलगायतका पसलहरूको अवस्था अहिले अत्यन्तै दयनीय बनेको व्यापारीहरूको भनाइ छ । विराटनगरका पसलेहरूको दैनिकी अहिले ग्राहक कुर्दाकुर्दै बित्ने गरेको छ । चाडबाड नजिकिँदा व्यापार बढ्ने अनुमानका साथ व्यापारीहरूले सामान्य दिनको तुलनामा बढी सामान स्टक गरे पनि बजारमा ग्राहक नै नहुँदा उनीहरूको चिन्ता समेत थपिएको छ । यहाँका व्यवसायीका अनुसार गतवर्षदेखि नै बजारको अवस्था खराब छ । तर, एकै पटक व्यापार पूरै चौपट नै हुन्छ भन्ने आफूहरूले नसोचेको उनीहरूको भनाइ छ । यहाँका व्यापारीहरूको दिनचर्या अहिले ग्राहक कुरेरै नै बित्ने गरेको छ । फट्टाफुट्ट आएका ग्राहकले पनि अपेक्षाअनुसारको समान खरिद नगर्दा घरभाडा तिर्न समेत सकस हुनथालेको उनीहरूको गुनासो छ ।

विराटनगर बजार सुनसान हुनुको अर्को कारण भनेको भारतीय सीमावर्ती बजार जोगबनी पनि हो । अधिकांश ग्राहक सस्तोमा सामान पाइने भन्ने लोभमा भारतीय सीमावर्ती बजार जोगबनीतर्फ जाँदा पनि यहाँ समस्या थपिएको छ । ग्राहकहरु सामान खरिद गर्न भारतीय बजार जोगबनी जाँदा पनि नेपाली बजारमा व्यापार घटेको व्यापारीहरूको भनाइ छ । विराटनगरमा जोगबनी बजारभन्दा धेरै सस्तो र गुणस्तरीय सामग्री पाउने भए पनि नेपालीहरूमा उतै सस्तो र गुणस्तरीय सामान पाइने भ्रम रहेको व्यवसायीहरू बताउँछन् । बजार खस्किँदै जान थालेपछि यहाँका ठूला-ठूला व्यापारीहरू नै व्यापारबाट पलायन हुने अवस्थामा पुगेको बताउन थालिएको छ ।

# सीमाक्षेत्रमा सशस्त्र प्रहरीको 'हेल्प र हेल्थ डेस्क'



■ आर्थिक संवाददाता
काठमाडौं, असोज २३

चाडपर्वलाई लक्षित गरी सशस्त्र प्रहरी बल, नेपालले सीमाक्षेत्रमा 'हेल्प र हेल्थ डेस्क' स्थापना गरेको छ । सशस्त्र प्रहरीले देशका विभिन्न एक सय २२ स्थानमा सहायता कक्ष (हेल्प डेस्क) र ३३ स्थानमा स्वास्थ्य कक्ष (हेल्थ डेस्क) राखेको जनाएको छ ।

सशस्त्र प्रहरीका अनुसार भारततर्फको सीमावर्ती इलाकामा एक सय २० स्थानमा र चीनतर्फ दुई स्थानमा सहायता कक्ष राखिएको छ भने स्वास्थ्य कक्ष भारततर्फ ३० स्थानमा र चीनतर्फ तीन स्थानमा राखिएको छ । दशैं, तिहार तथा छठ पर्वलाई लक्षित गरेर सीमा इलाकामा नागरिकको सुरक्षित एवं सहज आवगमनको व्यवस्था मिलाउन तथा आपत्विपत्मा परेका नागरिकको उद्धारकार्यमा सहयोग पुऱ्याउने अभिप्रायले दुवै देशका सुरक्षाकर्मीसँगको समन्वय र सहकार्यमा कक्ष राखिएको सशस्त्र प्रहरी निरीक्षक दिलकुमार श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार चाडपर्वलक्षित सहायता कक्ष नं. १ बराह बाहिनी मुख्यालय सुनसरी मातहत २५, नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरी मातहत ५३, नं. ३ गढीमाई बाहिनी मुख्यालय मकवानपुर मातहत २, नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्की मातहत २, नं. ५ विन्ध्यावासिनी बाहिनी मुख्यालय रूपन्देही मातहत १९, नं. ६ महेश्वरी बाहिनी मुख्यालय सुर्खेत मातहत १ र नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय कैलाली मातहत २० स्थानमा राखिएको छ । यस्तै स्वास्थ्य कक्ष नं. १ बराह बाहिनी मुख्यालय सुनसरी मातहत ४, नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरी मातहत २२, नं. ३ गढीमाई बाहिनी मुख्यालय मकवानपुर मातहत ३, नं. ५ विन्ध्यावासिनी बाहिनी मुख्यालय रूपन्देही मातहत ३, र नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय कैलाली मातहत १ स्थानमा राखिएको छ ।

आवश्यक देखिए अन्य स्थानहरूमा समेत सहायता कक्ष र स्वास्थ्य सेवा कक्षहरू स्थापना गरी सेवा प्रदान गरिने उनले बताए । चाडपर्वको बेला सीमा नाकाबाट आवतजावत गर्ने नागरिकहरूको सुरक्षा, सीमा क्षेत्रमा हुने अवैध गतिविधि, चोरी डकैती, लुटपाट जस्ता घटनाहरू हुन नदिन, अप्ठ्यारोमा परेका नागरिकको सहयोग गर्न हेल्प डेस्क राखिएको छ भने सीमा नाकाबाट आवतजावत गर्ने क्रममा कुनै पनि नागरिकमा स्वास्थ्य समस्या देखिएमा हेल्थ डेस्कमा उपलब्ध श्रोतसाधनको प्रयोग गरी स्वास्थयकर्मीहरूद्वारा उपचार गर्ने व्यवस्था मिलाइएको छ ।


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

प्रकाशित मिति : २०८०/०६/२४ गते

यस फर्म/कम्पनीले चाईना/इण्डिया बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

| सि. नं. | मालबस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioner | INDOOR UNIT (860*322*267) OUTDOOR UNIT (796*357*592) | HITACHI FUJIAN | 12KHDQAI | 1.0 Ton | China | Sets | 93,821.79 | 93,821.79 | |
| 2 | Air Conditioner | INDOOR UNIT (974*361*277) OUTDOOR UNIT (884*416*672) | HITACHI FUJIAN | 18KHDQAI | 1.5 TON | China | Sets | 1,19,928.73 | 1,19,928.73 | |
| 3 | Led TV | 1080*155*650 | KEC | KEC-43WB318UHD | 43" | INDIA | Pcs | 47,500.00 | 47,500.00 | |

जे.एन.एक्जीम प्रा.लि. सँतुगल, काठमाडौं, फोन नं. : ९८०१३१५७४९ स्थायी लेखा नं. ३०२८६९३०३


# मानसिक स्वास्थ्योपचार सर्वसुलभ बनाउन माग

■ आर्थिक संवाददाता
काठमाडौं, असोज २३

राष्ट्रिय मानव अधिकार आयोगले मानसिक स्वास्थ्योपचार सर्वसुलभ बनाउन सरकारसँग माग गरेको छ । ३१औं विश्व मानसिक स्वास्थ्य दिवसका अवसरमा आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा मानसिक स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम सञ्चालनका साथै यससम्बन्धी उपचार सर्वसुलभ बनाउन सबैलाई आग्रह गरिएको छ ।

आयोगले मानसिक स्वास्थ्यबाट पीडितहरूको सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न आयोग सरकार तथा सम्बद्ध सबै पक्षको ध्यानाकर्षण गराएको हो । नेपालमा मानसिक स्वास्थ्यको अवस्था चिन्ताजनक रहेको र यस क्षेत्रमा पर्याप्त काम हुन सकेको नसकेको विज्ञप्तिमा उल्लेख छ । 'मानसिक स्वास्थ्यका सम्बन्धमा सरकारले पर्याप्त बजेट तथा संयन्त्रको व्यवस्था गरेको देखिँदैन, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार नेपालमा जम्मा एक सय ४४ मनोचिकित्सक र तीन बालमनोचिकित्सक छन्', विज्ञप्तिमा भनिएको छ, 'मनोसामाजिक सहायताका लागि आवश्यक अन्य जनशक्ति (मनोचिकित्सक नर्स, मनोविद्, मनोविमर्शकर्ता, सामाजिक कार्यकर्ता)को व्यवस्था हुनसकेको पाइँदैन ।'

मानसिक स्वास्थ्य समस्यालाई विश्वमा एक गम्भीर सार्वजनिक स्वास्थ्य सरोकारको विषयको रूपमा लिइन्छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वको कुल जनसंयाको करिब १५ प्रतिशत मानिस मानसिक स्वास्थ्य समस्यामा छन् । आयोगले मानसिक स्वास्थ्यलाई मानव अधिकारको संवेदनशील विषयको रूपमा लिए काम गर्दै आएको छ । मानसिक स्वास्थ्यसम्बन्धी चेतनाको अभावमा अझै पनि मानसिक रोगीलाई औषधिउपचार नगरी साङ्लाले बाँधेर राख्ने, खोरमा थुन्ने, दुर्व्यवहार गर्नेजस्ता कार्य परिवारबाटै हुँदै आएको आयोगको अनुगमनबाट पाइएको आयोगले जनाएको छ । गम्भीर मानसिक स्वास्थ्य अवस्था भएका पाँच जना व्यक्तिमध्ये चारजना निम्न र मध्यम आय भएका देशमा रहेको तथ्यांक विश्व स्वास्थ्य सङ्गठनले सार्वजनिक गरेको छ ।

'मानसिक स्वास्थ्य एउटा विश्वव्यापी मानव अधिकार हो' भन्ने नाराका यो दिवस साथ विश्वव्यापीरूपमा मनाइँदै छ । नेपालको संविधानमा नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने, गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने, निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने भनिएको छ । त्यस्तै, स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिँदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या वृद्धि गर्दै जाने राज्यको नीति छ ।


## Gandaki Rural Municipality
### Office of Rural Municipal Executive
Bhulmichok, Gorkha
Gandaki Province, Nepal

## Invitation for E-Bids

Date of publication: 2023-10-11(2080-06-24)

1. Gandaki Rural Municipality has allocated funds towards the cost of Civil works and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Gandaki Rural Municipality, Office of Municipal Executive Invites Electronic Bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.

| Identification No. | Description of work | Procurement Type | Estimated Amount (Without VAT) | Cost of Bidding Document | Bid security Amount | Validity for bid documents/ bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| GRM/ WORKS/ NCB/03/ 2080/81 | Upgrading Of Siurenitar-Benigaaun-Saanodarbung-Dalbhanjyang Road | NCB-WORKS | 1,14,84,717.86/- | 3,000/- | 2,90,000/- | 90 days /120 days after bid opening | 2023-11-10 (2080-07-24) 12:00 | 2023-11-10 (2080-07-24) 14:00 |
| GRM/ WORKS/ NCB/04/ 2080/81 | Upgrading Of Batase-Aamdada-Gairichautara-Dhabe Road | NCB-WORKS | 6,938,459.81/- | 3,000/- | 1,75,000/- | 90 days /120 days after bid opening | 2023-11-10 (2080-07-24) 12:00 | 2023-11-10 (2080-07-24) 14:00 |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gandaki Rural Municipality, Office of Municipal Executive, Bhumlichok, Gorkha, Gandaki Province, Nepal 98560-03367 or may visit PPMO website www.bolpatra.gov.np/egp or www.gandakimun.gov.np.

Chief Administrative Officer



## डेंगीबाट बच्ने उपायहरु

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्यालढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अँध्यारा कुना-काप्चमा कीटनाशक औषधि छर्कन गरौं ।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, मगलामा राखिएका प्लेटहरू राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


आर्थिक दैनिक प्रा.लि.द्वारा प्रकाशित । अध्यक्ष : प्रल्हाद रिजाल । एक्सप्रेस कलर प्रेस कं.बाट मुद्रित । कार्यालय : कुपण्डोल, ललितपुर । फोन : ०१-५९०२१३६, फ्याक्स : ०१-५९०२१३९ e-mail : aarthik.dainik@gmail.com । सम्पादक : रामप्रसाद पुडासैनी